## नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयको गण्डकी प्रदेशका पर्यटकीय आर्कषणहरुको प्रवर्धनात्मक भिडियो तयार गर्ने प्रतियोगिता बारेको सूचना

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयले गण्डकी प्रदेशको पर्यटन प्रवर्धन गर्ने उद्देश्यले गण्डकी प्रदेशका ११ वटै जिल्लाहरुमा अवस्थित प्राकृतिक, साँस्कृतिक, ऐतिहासिक, धार्मिक लगायतका पर्यटकीय आर्कषणहरुको प्रवर्धनात्मक भिडियो तयार गर्ने प्रतियोगिता अयोजना गर्ने भएकाले नेपालका इच्छुक भिडियोग्राफरहरु माझ प्रवर्धनात्मक भिडियो तयार गर्नका लागि राष्ट्रव्यापी प्रतियोगिताको यो सूचना प्रकाशित गरिएको छ ।

**<u>प्रतियोगिताका नियमहरु</u>**

१. प्रतियोगितामा सामेल हुने प्रतियेगीको योग्यता : भिडियोग्राफी वा फिल्म मेकिङ मा स्नातक गरेको वा ६ महिना देखि १ वर्ष प्राविधिक तालिम लिएको वा कम्तीमा तीन वटा प्रवर्धनात्मक भिडियो वा बृत्तचित्र वा फिल्म तयार गरिसकेको नेपाली नागरिक । एक भन्दा बढी इच्छुक र योग्यता पुगेका भिडियोग्राफरले टिम बनाएर समेत प्रतियोगितामा सामेल हुन सक्नेछन् । प्रवर्धनात्मक भिडियोमा समावेश भएका दृश्यहरु प्रतियोगी आँफैले खिचेको हुनुपर्नेछ

२. प्रतियोगितामा सामेल हुने प्रकृया : प्रतियोगितामा समावेश हुन चाहने इच्छुक प्रतियोगीले नेपाल पर्यटन बोर्डको वेभसाईट https://trade.welcomenepal.com/notice बाट **Form to participate at Promotional Video Contest** डाउनलोड गरि वा नेपाल पर्यटन बोर्डका तल उल्लिखित ठेगानाहरुमा उपलब्ध फर्म भरि आफ्नो CV सहित १५ दिन भित्र बुझाउनु पर्नेछ ।

३. प्रवर्धनात्मक भिडियो प्रतियोगिताको विषय तथा भौगोलिक क्षेत्र **(Subject matter and scope of the video)**: गण्डकी प्रदेशका ११ वटा जिल्लाहरुमा अवस्थित मुख्य प्राकृतिक, साँस्कृतिक, ऐतिहासिक, धार्मिक लगायतका पर्यटकीय आर्कषणहरु तथा प्रमुख पर्यटकीय गतिविधिहरु समेटिनु पर्नेछ । गण्डकी प्रदेशका हरेक जिल्लाको कम्तीमा २ वटा आर्कषणहरु वा पर्यटकीय गतिविधिहरु समेटिनु पर्नेछ । तर प्रवर्धनात्मक भिडियोमा समावेश हुने दृश्य वा विषयवस्तु आपत्तिजनक वा नेपालको प्रचलित कानुन उल्लङ्घन हुने किसिमको हुनुहंदैन ।

४. प्रवर्धनात्मक भिडियोको समयावधि ( Duration of the video) ५ देखि ७ मिनेटको ( क्रेडिट बाहेक) हुनु पर्नेछ ।

५. प्रतियोगितामा समावेश हुने प्रवर्धनात्मक भिडियोमा वास्तविक दृश्यहरु राखिएको हुनुपर्नेछ अर्थात एनिमेटेड भिडियोलाई प्रतियोगितामा समावेश गरिने छैन ।

६. प्रतियोगितामा समावेश हुने प्रवर्धनात्मक भिडियो इच्छुक प्रतियोगीबाट बैशाख १५, २०७७ सम्म डाउनलोड गर्न मिल्ने Online link वा Flash Drive वा Hard Drive मा निम्नलिखित Format मा नेपाल पर्यटन बोर्डका तल उल्लिखित ठेगानाहरुमा प्राप्त भइसक्नुपर्नेछ :

**Video Container: MP4**
**Video Resolution: High Definition (FULL HD)**
**Video Codec: h.264 (Recommended),**
**Audio Codec: AC3 (Recommended), AAC**
**Audio Channels: 2.0 (Stereo) (Recommended), 5.1 (Only in AC3)**
**Subtitles: English (Burnt-in to video on the picture)**

७. प्रतियोगितामा समावेश हुन बोर्डमा प्राप्त भएका सबै प्रवर्धनात्मक भिडियोहरुको प्रतिलिपि लगायतका सबै अधिकार नेपाल पर्यटन बोर्डमा सुरक्षित रहने छन र बोर्डले नेपालको पर्यटन प्रवर्धनका लागि भिडियोहरुको आंशिक वा पूर्ण अंश कुनै पनि समयका कंहि पनि कुनै पनि माध्यमबाट प्रयोग गर्न पाउने छ।

८. उत्कृष्ट भिडियोहरुको छनौट नेपाल पर्यटन बोर्डले गठन गर्ने ३ देखि ५ सदस्यीय समतिले गर्ने छ र प्रतियोगितामा समावेश भएका भिडियोहरु मध्यबाट प्रथम, द्बितिय र तृतिय तथा सान्त्वना गरि चार जनालाई निम्नानुसारको नगद र प्रमाणपत्र प्रदान गरिने छ :

प्रथम पुरस्कार : रु. १००,०००
द्बितिय पुरस्कार : रु. ५०,०००
तृतिय पुरस्कार : रु. ३०,०००
सान्त्वना पुरस्कार : रु.२०,०००

**फर्म बुझाउने, प्रवर्धनात्मक भिडियो पठाउने ठेगाना वा थप जानकारीका लागि सर्म्पक :**


नेपाल पर्यटन बोर्ड, गण्डकी प्रदेश कार्यलय
ड्याम साइड, पोखरा, कास्की
फोन नं ०६१-४६५२९२
इमेल : gandaki@ntb.org.np

नेपाल पर्यटन बोर्ड,
भृकुटिमण्डप, काठमाँडौ ।
फोन नं ०१-४२५६९०९
इमेल : info@ntb.org.np


यो सूचना नेपाल पर्यटन बोर्डको वेभसाइट https://trade.welcomenepal.com/notice मा राखिएको छ ।